## फोक्स्टन ...

टाउनको प्रवेशद्धारमा केही समय अघि अफगानिस्तानमा मृत्यू भएका दुई गोर्खा सेनाको सम्मान स्वरुप गोर्खालीको मुर्ति स्थापना गर्ने प्रयासको थालनी भएको संस्थाले बताएको छ।

फोक्सटन प्रवेश गर्ने एम ट्वान्टीको जङ्सन १२ नजिक गोर्खा स्क्वायर बनाउने सोँच सहित योजना अगाडि बढाएको र दोस्रो स्थानका रुपमा च्यारिटन पब्लिक लाइब्रेरीको प्राङ्गणलाई समेत मध्यनजर गर्दे छलफल जारी रहेको काउन्सिलर धन गुरुङले बताउनु भएको छ। योजनामा कोअपरेटिभ सपिङ सेन्टरले सहयोगको हात अगाडि बढाइसकेको पनि संस्थाले वताएको छ। उक्त मुर्ति स्थापना सहितको योजनालाई करिव ५० हजार पाउण्डको अनुमानित बजेट आवश्यक पर्ने बताइएको छ।

साधारण सभाका अतिथि स्थानीय प्रहरीद्वय मार्क बेल र कैथ सानसुमले फोक्सटनलाई सुरक्षित र राम्रो आवास क्षेत्रका रुपमा अगाडि बढाउने प्रयासमा गोर्खा समुदायको सहयोगको प्रसंसा गर्दै सहकार्य गर्न आह्वान समेत गर्नुभयो। साधारण सभाले सन २००९ को गृष्मयाममा वार्षिक गोर्खा मेलाको आयोजना समेत गर्ने भएको छ। साथै संस्थाले किशोर र यूवाहरुलाई ध्यानमा राखेर फोक्सटनको पेन्ट भ्याली सेकेण्डरी स्कूलमा ताइक्वाण्डो कक्षा संचालन गर्ने योजना बनाएको छ।

संस्थाले स्थानीय समुदायसँग गोर्खा समुदायको घुलमिल बढाउने वातारण मिलाउन योगदान पुऱ्याउँदै आएको छ। गोर्खा न्यायको लागि जोअना लुम्लेको सहयोग जुटाउन पनि संस्थाका पदाधिकारीको योगदान रहेको थियो।

## माओवादीले ...

मेलमिलापको भन्दा अहिलेको भिन्दै किसिमको मेलमिलापको खाँचो रहेको छ तर माओवादीहरु वल मिचाई गरी प्रजातन्त्र र मेलमिलापको नीतिबाट भाग्दैछन्' पौडेलले भन्नुभयो 'यस्तो परिस्थितिमा नेपाली कांग्रेस प्रतिपक्ष भएपनि नेपालको हित र नयाँ संविधान निर्माणको प्रक्रियालाई बल पुऱ्याउन जस्तोसुकै अग्रणी भूमिका निर्वाह गर्न तयार छ।'

बेलायतका लागि नेपाली राजदुत मुरारीराज शर्माले अहिलेको अवस्थामा मेलमिलाप, सान्दर्भिक र समयको माग भएको बताउँदै नेपाललाई विकासतर्फ लम्क्याउन हामीसँग धेरै प्राकृतिक स्रोत भएकोले केही समस्या नहुने तर एकता, शान्ति र सहकार्यताको आवश्यकता पर्ने बताउनुभयो। प्रो. डा. सुवेदीले हामी नेपालीले आफैलाई आफैले मुल्याङ्कन गरौं, चिनौं अनि मात्र हामी अगाडि बढ्न सक्छौं भन्दै नेपालमा रुल अफ ल को खाँचो भएको बताउनुभयो। कार्यक्रममा बोल्ने अन्य वक्ताहरुले नेपाली कांग्रेस र देशको राजनैतिक स्थितिको बारेमा बोल्दै देशमा चाँडो भन्दा चाँडो संविधान बनोस् र नयाँ नेपालको निर्माण होस् भन्ने चाहना व्यक्त गर्नुभयो। कार्यक्रममा विधिवत रुपमा नेपाल जनसम्पर्क समितिको वेव साईडको सुभारम्भ गरिएको थियो भने कार्यक्रमको सभापतित्व विनोद मोक्तान र संचालन विश्व आदर्श पण्डितले गर्नुभएको थियो। यसैबीच नेपाली जनसम्पर्क समिति यूकेले गत आइतबार नेपालको संविधान र संघियता विषयक गोष्टिको आयोजना गरेको छ।

नर्थ वेष्ट कलेज अल्पर्टनमा आयोजना गरिएको सो गोष्ठीका प्रमुख अतिथी नेपाली कांग्रेसका यूवा नेता गगनकुमार थापाले पृथ्वीनारायण शाहको गोर्खा विस्तारको क्रमसँगै निर्माण भएको नेपालमा बहुभाषिक र बहुजातीय मानिसहरुको संलग्नताले नै एक आपसको सहयोग, सहकार्यले नै आपसी सद्भाव कायम रहेको बताउनु भयो। थापाले भन्नुभयो 'हामी पछाडि परेका छैनौं तर आफैले आफैलाई चिन्न सकेका छैनौं।' थापाले अरु पार्टीले जस्तै युवा दस्ता निर्माण गर्नुपर्छ भन्ने आवाज नेपाली कांग्रेसमा पनि उठि रहेको जानकारी गराउँदै यदि यूवा दस्ता बनाउने हो भने पार्टीका नेताका छोरा छोरी पनि त्यसमा लाग्नुपर्छ भन्नुभयो। कार्यक्रममा अन्य वक्ताहरुले नेपाल विभिन्न कोणबाट कमजोर बन्दै गएकोमा चिन्ता व्यक्त गरेका थिए।

## स्नेहाले ...

प्रतिभाहरुलाई उजागर गर्ने तथा कला र प्रतिभाशाली यूवा जगतलाई अवसर प्रदान गर्ने उद्देश्य सहित कार्यक्रम आयोजना गरिएको कार्यक्रम संयोजक मनिषा डङ्गोलले जनाउनुभएको छ।

प्रतियोगितामा ६ वटा ब्याण्ड, एक समुह, एक जोडी र ११ एकल गरी १९ प्रतिस्पर्धाहरु भएका थिए। फेसन शोका प्रतिभाहरु निशा रञ्जित, ऋषा कार्की, दिपा शाक्य, दिया पुन, एलिस श्रेष्ठले कार्यक्रममा आकर्षण थपेका थिए। गायन तर्फको प्रतियोगिता मनिष श्रेष्ठले सञ्चालन गर्नुभएको थियो भने अर्को चरण यूथ नाइट टाइटल, फेस अफ दी ईयर २००७ का विजेता विकास श्रेष्ठले संयोजन गर्नुभएको थियो। भ्याइस अफ द ईयर २००८ को प्रथम पुरस्कार अन्तर्गत ५० हजार रुपैयाँको नगद पुरस्कार वा चाम्स फिल्म प्रोडक्सनका उत्पादनहरु रहेका छन्। आयोजक संस्थाले यूथ नाइट २००९ का लागि ब्याण्ड अफ द इयरको पनि आयोजना गर्ने भएको छ। प्रतियोगितामा सफल ठहरिएका ५ प्रतिस्पर्धिहरु उक्त प्रतियोगितामा सहभागी हुनेछन्।

उक्त प्रतिस्पर्धा कार्यक्रममा व्यवसायी महन्तबहादुर श्रेष्ठले प्रायोजन गर्नुको थियो भने शो एसियाका अशोक श्रेष्ठले सहप्रायोजन गर्नुभएको थियो। कार्यक्रमको व्यवस्थापन समुहमा मनिष श्रेष्ठ, सचिद माली, विनोद श्रेष्ठ, महेश वानिया, सुनिता वानिया र सुनिल श्रेष्ठ हुनुहुन्थ्यो। करिव ४ सय व्यक्तिहरु दर्शक रहेको कार्यक्रममा ऋषि, राजिव, मतिना, प्रकाश महर्जन, रोनी, सुनिल प्रधान, संयूक्त, सुरेन्द्र श्रेष्ठ, रोसु, माधुरी, शर्मिला पाच्ची, सञ्जिव थापा, पुकार थापा, प्रकाश, सञ्जिला, सुभाष, विकास, निषा रञ्जित, रिचा कार्की, दिपा शाक्य, दिया पुन, एलिसा श्रेष्ठ, अञ्जिता रेग्मी, अरुणा शाक्य, निषा अधिकारी र नेपाली समाज यूकेका शुशिल सिंहको विशेष उपस्थित रहेको थियो।

## मगर...

संघसंस्थाका व्यक्तित्व र पिछडिएको वर्गलाई बोलाई सम्मान गर्ने समेत जानकारी दिएको छ। संघले सो स्मृति दिवस ओकफार्म कम्युनिटी हलमा आयोजना हुने जनाएको छ।

कार्य समितिको बैठकमा महिला मगर संघ यू.केकी अध्यक्ष श्रीमती गोमा राना र कोषाध्यक्ष राजन रानाले आ-आफ्नो कोषको विवरण प्रस्तुत गर्नु भएको थियो। संस्थाका सदस्य मन थापाले संस्थाको लण्डन पश्चिम शाखा खोल्न प्रस्ताव राख्नु भएको थियो। सो शाखा खोलेमा बेलायतमा मगर संघका नौ वटा शाखा हुने छन्। कार्यसमितिको सो बैठकको संचालन र टिपोट गर्ने काम संस्थाका सचिव वेभ थापाले गर्नुभएको थियो।

## तमुधीले...

पानस बालेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो। कार्यक्रमका प्रमुख अतिथि राजदुत शर्माले सांस्कृतिक महत्वमाथि प्रकाश पार्दै यस्ता कार्यक्रमबाट समाजमा घुलमिलको वातावरण बन्ने बताउनु भयो। उहाँले बेलायत तथा विश्वभर छरिएर रहेका नेपालीहरुलाई ल्होसार तथा नयाँ बर्षको शुभकामना व्यक्त गर्नुभयो।

कार्यक्रमको सुरुमा धर्म गुरु पाच्यू चैव कृष्ण गुरुङ, पेम्वा दिल लामा र घ्याब्रि चिव टेकवहादुर गुरुङबाट विधि विधान अनुसार पुजा अर्चना गरिएको थियो। तमु समुदायका उच्च शिक्षा उर्त्तिण गर्ने तथा प्रतिभाशाली व्यक्तिहरुलाई प्रोत्साहन तथा उत्साह प्रदान गर्न प्रमाणपत्र तथा खादा ओडाई सम्मान गरिएको थियो। त्यसरी सम्मान ग्रहण गर्नेहरुमा मानवहादुर तमु, सूर्यप्रकास तमु, सुश्री उमा तमु, सुश्री रेणु गुरुङ, सुश्री यमुना घले, सिर्जना घले, सञ्जु घले, उमा गुरुङ, परोग्य गुरुङ, सुजान्य गुरुङ, डा.हिमाल प्रसाद गुरुङ, सावित्रा गुरुङ, सार्जन नेत्र गुरुङ, विक्रम चन्द, चन्द्रकुमारी तमु, जसमिन तमु, वर्षा तमु, डा. मिरा गुरुङ, विरा गुरुङ हुनुहुन्थ्यो।

त्यसैगरी सञ्जय, निर्मला, कन्याकुमारी र राधा गुरुङलाई पनि सम्मान गरिएको छ। तमु भवनका लागि सवैभन्दा ठूलो राशी योगदान गर्ने खुसिमान तमु (५ हजार ५० पाउण्ड) र मकर तमु (५ हजार पाउण्ड) लाई पनि सम्मान गरिएको छ। सोही कार्यक्रममा लालवहादुर गुरुङ अध्यक्ष रहनु भएको निवर्तमान कार्यसमितिले सुभास गुरुङ अध्यक्ष रहनु भएको नयाँ कार्यसमितिलाई कार्यभार हस्तान्तरण समेत गरेको थियो। गत नोभेम्वर २ मा नयाँ कार्यसमितिको निर्वाचन भएको हो। तमुधिका महासचिव रामचन्द्र गुरुङले उपस्थित समुदायलाई स्वागत गर्नु भएको थियो। तमुधि भवन व्यवस्था गर्न सक्नु संस्थाको उल्लेख्य उपलब्धि भएको बताउँदै उहाँले जातीय संस्थाका रुपमा स्थापना भएको भए पनि कल्याणकारी कृयाकलापमा संस्था सक्रिय रहेको बताउनुभयो। सन् २००० मा स्थापना भएको तमुधिका ६ वटा शाखाहरु छन्। हितमान गुरुङको संयोजकत्वमा तमु भवनको व्यवस्था गरिएको छ।

मिनप्रसाद गुरुङको संयोजकत्वमा संचालन गरिएको कार्यक्रममा रि.मे खुसिमान गुरुङले आपतकालीन उद्धार तथा सुरक्षा व्यवस्थापनको व्याख्या गर्दै स्वागत मन्तव्य दिनुभएको थियो। कार्यक्रममा विशेष अतिथिका रुपमा रेडिङका मेयर पिटर पियर्ड, रसमुरका डेपुटी मेयेर रोजेर किम्वर, एमपी मार्टिन साल्टर, लिव डेमका नेता पिटर क्यारोल, मार्टिन हो एण्ड को.का सोलिसिटर, काउन्सिलर धन गुरुङ, बीएफबीएस रेडियोका खेम गुरुङ, एनआरएनका अध्यक्ष डमर घलेलगायतका विशिष्ट व्यक्तित्वहरु उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको दोस्रो चरणमा सञ्चालन गरिएको सांस्कृतिक कार्यक्रको रमाइलो मनाउन आतुर भएका दर्शकहरुलाई नयाँ वर्षको शुभकामना गीतले स्वागत गर्दा भाषणबाट आत्तिएका दर्शहरुले लामो पर्खाई विर्सेका थिए। सपन इन्टरटेनमेन्टको ध्वनी र प्रकाशको रौनकका बीच तमुधिका हेमसायर, प्लमस्टिड, वेम्वली, चारभञ्ज्याङ, रेडिङ, केन्टबाट विविध कार्यक्रमहरु प्रस्तुत गरिएका थिए। अञ्जना गुरुङको प्रस्तुति कार्यक्रमको विशेष आकर्षण बन्यो भने धिरज राई र दीपू गुरुङका गीतले नयाँ वर्षलाई रौनकताका साथ स्वागत गर्दै ल्होसार मनाइयो। संस्थाको रेडिङ व्रान्चका अध्यक्ष ओमेन्द्र तमु, प्लमस्टिडका अध्यक्ष क्या. नारायण तमु (बीइएम), लण्डन व्रान्चका अध्यक्ष चित्रवहादुर तमु, केन्ट व्रान्चका अध्यक्ष ले. कशेर तमु र हेम्पसायर व्रान्चका अध्यक्ष नन्दजङ तमुको पनि कार्यक्रममा उपस्थिति थियो।

## तमु...

प्ये अनुसार स्वस्ति शान्तिको पूजा (पार्ग त्हेँ,छ्योप त्हेँ र थाँसो प्योँव त्हेँ) गरिएको कार्यक्रममा तमु प्ये ल्हु संघका विभिन्न शाखाहरुबाट प्रकाशन गरिएको डिभीडि, क्यालेण्डर, ल्होकोर पोष्टर, वोन(प्रार्थना) पोष्टर तथा अन्य आकर्षक सामाग्रीहरु विक्रीको लागि राखिएको थियो।

पच्यु पैंडी चिवा यारजङ्ग क्रोम्छे तमुले लेख्नु भएको प्येका ग्रन्थहरु एवं नेपालको विभिन्न शाखाहरुमा निर्माणाधिन तथा निर्माण सम्पन्न क्होइवोहरुको फोटोहरु प्रदर्शन गरिएको थियो भने क्होइवो निर्माणको सहयोगार्थ एउटा च्यारिटी संकलन बक्स पनि राखिएको थियो।

पच्यु र क्ल्हेप्री दुवै खेगीले एकै समयमा आ-आफ्नो त्हेँ शुरु गरेका थिए। त्हेँमा खेगीहरुले आ-आफ्नो त्हेँको प्ये वाचन गरि क्ल्हेसौंदी प्रहेसौंदी, आजीखे आजीमाँ एवं विभिन्न सिल्दो नाल्दोहरुलाई त्हेँमा बोलाएर च्यु ल्होको विदाइ र ल्वों ल्होको स्वागत गर्दै स्वस्ति शान्तिका लागि विभिन्न प्राकृतिक शक्तिहरुसँग पुकार गरेका थिए। सो क्रममा क्ल्हेप्री गुरु दान म्होब्छे तमुको शरिरमा प्राकृतिक शाक्तिको क्हो (हंश) चढेको थियो। जसले तमु प्ये छ्यामा भएको धार्मिक शक्ति र खेगीहरुले प्रयोग गर्ने धार्मिक बाजागाजा एवं तालहरुको ध्वनि शक्तिको यथार्थ चित्रण गरिरहेको थियो। पूजा(त्हेँ)को सपाप्तीपछि क्ल्हेप्री गुरु दान म्होब्छेको शरिरमा आएको देवतालाई धार्मिक रुपमा धुप चढाएपछि क्ल्हेप्री गुरु शान्त भएको थियो र स्वस्ति शान्तिको मन्त्रोच्चारण गर्दै रिप लगाउने कार्य शुरु भएको थियो। उपस्थित महानुभावहरुले धर्म गुरुबाट आशिष लिन लाइन लागेका थिए। दोस्रो चरणको कार्यक्रममा संघका अध्यक्ष जगत प्हच्यु तमुको अध्यक्षतामा सचिव भेगलाल च्हाक्ली तमुले सञ्चालन गर्नु भएको थियो। फोक्स्टन टाउन काउन्सिलका काउन्सिलर धन तमु प्रमुख अतिथि रहनु भएको सो कार्यक्रममा तमु प्ये ल्हु संघ केन्द्रीय शाखा पोखराका उपाध्यक्ष ओम क्रोम्छे तमु विशेष अतिथि हुनुहुन्थ्यो।

युकेमा स्थापना भएका विभिन्न आदिवासी जनजाति संघ-संस्थाहरु एवं तमु संस्कृति-संस्कारको अनुसन्धानको लागि उत्साहित प्रोफेशरहरु जर्मनबाट गेट्स पोल र कोर्डुला होर्न, एनआरएन युकेका अध्यक्ष रि.मे. डमर घले, तमु धीँका अध्यक्ष सुवासिङ्ग तमु, मगर संघ युकेका अध्यक्ष थर्कबहादुर राना, पासाः पुच गुठीका अध्यक्ष डा.शन्तबीर तुलाधर उपस्थित हुनुहुन्थ्यो। उपाध्यक्ष सोम त्होर्जे तमुले सहभागी सबैलाई स्वागत गर्नु भएको थियो। सदस्य सु.मे.नरजङ्ग क्रोम्छे तमु तथा तमु धीँ युकेका अध्यक्ष र एनआरएन युकेका अध्यक्ष रि.मे. डमर घलेले ल्होसार पर्वका अवसरमा सबैलाई शुभकामना व्यक्त गर्नु भएको थियो। व्यवसायमा सफलता हासिल गर्नु हुने वेस्ट रेष्टुरेण्ट एवार्ड प्राप्त क्रस खुकुरी गोर्खा रेष्टुरेण्टका सञ्चालक ओम ल्हेँगे तमु, गोर्खा ट्याक्सी सर्भिसका संचालक लोकराज प्हच्यु तमु, तमु धीँका नवनिर्वाचीत अध्यक्ष सुवासीङ्ग तमु र अशोक ल्हेँगे तमुलाई संघका अध्यक्ष जगत प्हच्यु तमुले तमु परम्परा अनुसार क्रेँगी (फेटा) ओढाई अभिनन्दन गरिएको थियो। विभिन्न कलेजबाट उच्च शिक्षा हासिल गर्नु भएका विधार्थीहरु प्रभा तमु, मोनिका तमु, देवी तमु, कन्या तमु, मनु तमु, बिना तमु र हेमन्त तमुलाई प्रशंसा पत्र एवं तमु परम्परा अनुसार छोरी-चेलीलाई क्रमु (पछ्यौरा) र छोरा-चेलालाई क्रेँगी ओढाएर सम्मान गरिएको थियो। प्रमुख अतिथि धन तमुले संघको आजीवन सदस्यहरुलाई प्रमाण पत्र प्रदान गर्नँ भएको थियो।

अध्यक्ष जगत प्हच्यु तमुले ल्होसार पर्वले तमु जातिमा एकता र एक रुपताको फूल फुलाउछ भन्दै पौष १५ कै दिनलाई प्राथमिकता दिएर तमु ल्होसार मनाउन गरिएको शुरुवातलाई तमु प्ये ल्हु संघ हार्दिक स्वागत गर्दछ भन्नु भयो। साँस्कृतिक कार्यक्रममा विभिन्न कलाकारले आफ्ना सांस्कृतिक प्रस्तुति पस्केका थिए। कार्यक्रममा पैँयुखोला तमु समाज युकेले सौजन्य स्वरुप गीत र नृत्य प्रस्तुत गरेको थियो। नेत्र तमु, एलीशा तमुले गीत प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा पच्युको झलक, क्ल्हेप्रीको झलक र छ्याँटुको झलक तथा हाँस्य नृत्यहरु पनि प्रस्तुत गरिएको थियो।

## थरक ...

भन्ने उदाहरण दिँदै तिराइ अवधिको खण्डिकरण गर्नु उचित हुनेछ भन्नु भयो। गत वर्ष अडफेलोज सभाकक्षको बैठकमा भू पू सचिव शेरबहादुर ईङ्नामले औंल्याएको विषयलाई पुन जोड दिइएको थियो। संस्थाका अर्का सल्लाहकार शान्तकुमार चोङबाङले पनि अघिल्लो बैठकमा उक्त कुरा उठाउनु भएको थियो।

मन्तव्यको क्रममा सदस्य सनवीर राईले युवासमूहको विषयमा बोल्दै भन्नु भयो- "मेरो छोरा काम लागेन भन्छौं तर कसरी कामलाग्ने बनाउने भन्ने विषयमा भने समय र अक्कल विलकुलै लगाउँदैनौं; यसमा हामी बाबुआमा र युवासमिति दुवैले जोडदार प्ररयास गर्नु पर्छं" भन्नु भयो। युवासमूह अध्यक्ष मानबहादुर राईले यस समूहको लागि छुट्टै समिति नराखेर यसलाई थरक (गोर्खाली) समुदायमा अन्तरनिहित बनाइ उक्त समुदायले वा समितिले नै सञ्चालन गर्नं पर्छ भन्ने माग गर्नं भएको थियो। युवावक्ता सुन्दर अन्छङबो लिम्बूले युवा कार्यसमितिको जिम्मा युवाहरूलाई नै दिइ व्यवहारिक अभ्यास गराउनु पर्दछ भन्नु भयो। "त्यस्तै गरिएको हो, तर कुनै तालमेल नमिलेर सफलता नभएको हो" भन्ने तर्क अध्यक्ष राई र संस्थाका कोषाध्यक्ष गम्भीर तुम्बाहाङफेको थियो।

अन्छङबोले "संस्थाको विधान, विधान जस्तै देखिँदैन - न त यसमा सेक्शन नै छुट्याइएको छ, न त यहाँ मरौ-परौ भएको परिवारलाई तीनहजार पौण्ड दिइने छ भनेर लेख्न नै मिल्छ; यसलाई रिराइट गरिनु पर्दछ" भन्ने तर्क अगाडि सार्नु भएको थियो। कोलचेष्टर नेपाली समुदायका महासचिव जी एम चित्रराज लिम्बूद्वारा प्राप्त विधान, मिडलेण्ड गोर्खा ( बर्मिङहाम) को विधान, किराँत थाक्थुङ चुम्लुङ यू. के. को विधान र बिहाइब (थरकको एक च्यारिटी संस्था) को विधान गरी जम्मा चार संस्थाको विधानहरूको अक्कलबाट विधान तयार पारिएको र साधारणसभाद्वारा अनुमोदन गरिएको जनाउँदै विधान परिमार्जन गर्ने र यसको नेपाली अनुबादित प्रतिलिपी समेत तयार गर्ने गरी सन्तोषी हाङसरुम्बा, टंक खापुङ, नेत्र खजुम, शेरबहादुर ईङ्नाम, भीमदल राई, बलबहादुर राई, सुन्दर अन्छङबो, सनबिर राई र रामजी राईको नौ सदस्यीय समिति गठन गरिएको छ।

बैठकको अन्त्यमा प्रकाशन फाँटको जिम्मा लगाइएका शेरबहादुर ईङ्नामले संस्थाको मुखपत्र प्रकाशनगर्ने बारे लिखित जानकारी दिँदै सदस्यहरूसंग लेख रचनाहरूको आह्वान पनि गर्नु भयो। संस्थाका अध्यक्ष धर्मविक्रम सुनुवार आफ्नी आमा सिकिस्त विरामी परेको कारण नेपाल जानुभएकोले सभाको सभापतित्व उपाध्यक्ष सन्तोषी हाङ्सरुम्बाले र सञ्चालन संस्थाका महासचिव नेत्र खजुमले गर्नुभएको थियो।

## नेपाली ...

रहेको आरोप लगाउनुभयो। सभागीहरुको प्रश्नको जवाफ दिदै नेता ज्वालाले सरकारमा एमालेको भूमिकाकै कारण केही जनपक्षीय कार्यक्रमहरु आएको दावी गर्नुभयो। उहाँले एमालेको नौ महिने शासनकालमा आएका आफ्नो गाूऊ आफैं बनाउ, ग्रामिण स्वाबलम्वन जस्ता कुराहरुलाई बर्तमान सरकारले फोटोकपी गरेको टिप्पणी गर्नुभयो।

संयुक्त राष्ट्रसंघको साधारणसभामा पार्टीको तर्फबाट भाग लिन जानुभएका ज्वाला नेपाल फर्कने क्रममा वेलायत आउनु भएको हो। कार्यक्रममा सहभागीहरु कुमार केसी, रमेश वास्तोला, नारद भण्डारी, रोशा भण्डारी, सुभाष दाहाल, विनोद दाहाल लगायतले आ-आफ्ना जिज्ञासा राख्नुकासाथै एमाले पार्टीको आसन्न आठौ अधिवेसनले गर्नुपर्ने कामहरुको बारेमा रचनात्मक सुझावहरु दिनु भएको थियो। नेपाली लोकतान्त्रिक मञ्च वेलयतका केन्द्रीय अध्यक्ष दिनेश घिमिरेको सभापतित्वमा र महासचिव सुरेन्द्र थपलियाको सञ्चालनमा सम्पन्न सो कार्यक्रममा प्रतिमा जिसी केसीले स्वागत मन्तब्य तथा रमेश वास्तोलाले धन्यवाद मन्तव्य दिनु भएको थियो। कार्यक्रममा रात्रि भोजको पनि आयोजना गरिएको थियो।

## संयुक्त ...

दिनु भएको थियो। किराँतजन्य संस्थाहरु बीच सामाजिक, सांस्कृतिकलगायत खेलकुद क्षेत्रमा भाइचारा सम्बन्ध विस्तार गराउने उद्देश्यले आयोजित कार्यक्रममा चुम्लुङका अध्यक्ष रिटायर्ड क्याप्टेन बम लिम्बू, उपाध्यक्ष कमला लिम्बू, महासचिव विजयविक्रम लिम्बू सल्लाहकार डा. चन्द्र लक्सम्बालगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा किराँत राई यायोख्खाको तर्फबाट अध्यक्ष रामधन राई, महासचिव पदम राई, सल्लाहकार श्रीमति गंगा राईलगायतको उपस्थिति रहेको थियो। त्यसैगरी सुनवार समाजका तर्फबाट महासचिव केदार सुनुवार, सहसचिव धर्मविक्रम सुनुवारलगायत विभिन्न विशिष्ट ब्यक्तित्वहरुको समेत उपस्थिति रहेको थियो। उक्त अर्न्तक्रिया कार्यक्रममा विगतमा भएका विभिन्न गतिविधिहरुको समिक्षा गर्दै किराँतहरुको साझा मञ्च बनाउने सर्वसम्मत निर्णय गर्दै धर्मविक्रम सुनुवारलाई संयोजकको रुपमा चयन गरिएको छ। मञ्चलाई पूर्णता दिन आगामी फेब्रुअरी ७ मा अर्को भेला गर्ने निर्णय गरिएको छ। अर्न्तक्रियाको अन्तमा डा. रापचालाई कार्यक्रमका सभापति रिटायर्ड मेजर टिकेन्द्रदल देवानले आभारपत्र प्रदान गर्नुभएको थियो।

## नेपाली ...

पौड्याल, नवि महर्जन, सुस्मिता श्रेष्ठ, वासु लामिछाने र सरीता धमला रहनु भएको छ। एशोसियसनले सल्लाहकार समितिमा कानुनी सल्लाहकारका रुपमा महेस दाहाललाई चयन गरेको छ। त्यसैगरी अन्य सल्लाहकारहरुमा तोयनाथ सापकोटा, डमर घले, टुका क्षेत्री, चिरञ्जिवि ढकाल, विधान मस्यौदा समितिमा शुशिला वुढाथोकी, लक्ष्मी अधिकारी, सहदेवी पुन, सुनिता छतकुले र सुभद्रा प्याकुरेललाई चयन गरेको छ। एशोसियसनको भेलाले आगामी १४ फेब्रुअरीमा नव गठित कार्यसमितिको बैठक गर्ने र नेपाली नयाँ बर्ष २०६६ को उपलक्ष्यमा १३ अप्रिलका दिन सांस्कृतिक कार्यक्रम गर्ने निर्णय गरेको छ।

## यूकेमा ...

घण्टी र मुन्धुम वाचनले कार्यक्रम अवधिभर आसफोर्ड पवित्र देवस्थल झैं भएको थियो। बकह्याङगर कम्युनिटीहलमा सम्पन्न कार्यक्रममा पालाम, हाक्पारे, लिम्बु गीतलगायतका सांस्कृतिक कार्यक्रमका अतिरिक्त कविहरुले कविता समेत वाचन गरेका थिए। लिम्वुहरुको मौलिक भेष - भूषामा सजिएका युवा युवती र प्रौढहरुका साथै तोङबा सिकुटी, किनामाका परिकारहरुले बातावरण लिम्बु गाँऊको कुनै मेला जस्तै आभाष भएको थियो। डिसेम्बर महिनाको चिसो जाडोलाई पनि तोङबाका तातो चुस्किले आसफोर्ड निकै नै तताएको भान हुन्थ्यो।

करीब तीन सयजना क्षमता भएको हलमा बेलायतभरीबाट याक्थुङबा तथा गैर-याक्थुङबाहरुको उत्साहजनक उपस्थितिले आयोजकलाई व्यबस्थापन गर्न निकै धौ-धौ परेको थियो। चुम्लुङ युकेका अध्यक्ष बमबहादुर लिम्बुको अध्यक्षतामा गरिएको छोटो औपचारिक कार्यक्रममा किराँत याक्थुङ चुम्लुङका केन्द्रीय उपाध्यक्ष श्रीमती नरकुमारी लिम्बु प्रमुख अतिथी हुनुहुन्थ्यो। कार्यक्रममा चुम्लुङका सल्लाहकारहरु दलबहादुर लिम्बु, इश्वर आङबुहाङ, डा चन्द्र लकसम्बा, सिरीप्रसाद लिम्बुहरुको अतिथीकारुपमा उपस्थिति रहेको थियो। चुम्लुङका महासचिव बिजय बिक्रम लिङदेनले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा उपाध्यक्ष कमला लिम्बुले सहभागी सबैलाई स्वागत गर्नु भएको थियो। त्यसैगरी उपाध्यक्ष देबीबहादुर लिम्बु र धर्म तथा सस्कृती बिभागीय प्रमुख दिल सम्बाहाङफेले चासोक तङनामका बारेमा प्रष्ट्याउनु भएको थियो।

प्रमुख अतिथी श्रीमती नरकुमारी लिम्बुले बेलायतलगायत देश बिदेशमा छरिएर रहेका समस्त याक्थुङबा जातिहरुमा सुख समृद्धिको कामना गर्दै आफ्ना मौलिक रितिरिवाज तथा सस्कृतिका जगेर्ना गर्ने जिम्मेवारी सबैमा बोध रहोस् भन्ने आग्रह गर्नु भयो। उहाँले तङनामको उपलक्षमा समस्त नेपालीहरुलाई शुभकामना व्यक्त गर्नु भयो। कार्यक्रमको अन्तमा चुम्लुङ अध्यक्ष तथा सभाका सभापति बम लिम्बुले कार्यक्रममा उपस्थिति सबैलाई हार्दिक धन्यबाद दिदै यस्ता कार्यक्रमहरुले हाम्रा मौलिक धर्म रितिरिवाजहरु सन्ततीहरुलाई सिँकाउदै जानु आबश्यक रहेको बताउनु भयो। उहाँले उत्साहजनक सबैको सहभागिताले यस्ता कार्यवक्रमहरु भविश्यमा गर्दै लैजाने प्रोत्साहन मिलेको बताउनु भयो। कार्यक्रमको अन्त्यमा सहभागीहरुले स्वस्फुर्तरुपमा नाचेका च्याब्रुङ र धान नाचले आसफोर्ड स्थित बक ह्याङगर कम्युनिटी हल साच्चिनै लिम्बुमय भएको थियो।

## नेपाली ...

भयो। भेलामा २३ जना वेलायतवासी कानुन व्यवासायीहरु उपस्थित हुनुहुन्थ्यो। कानुनी फाँटमा काम गर्ने सवै नेपाली मुलका व्यक्तिहरुलाई उक्त संस्थामा समेटिने प्रस्ताव भेलाले अनुमोदन गरेको छ। नेपाल रहँदा कानून व्यवसायमा संलग्न भएका वेलायत बस्ने व्यवसायीहरुलाई यस देशमा व्यवसाय गर्ने प्रावधानको विकास गर्ने र नेपालको कानूनी क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु संस्थाको मुल उद्देश्य रहेको जनाइएको छ। आगामी अप्रिल २६ मा अर्को भेलाको आयोजना गरिने आयोजकहरुले बताएका छन्।


# हार्दिक समवेदना


यूवराज राई


कृष्ण दुरा

हाम्रा मित्र द्वय, खोटाङ्ग जिल्ला लफ्याङ्ग गा. बि. स. मा जन्मनु भई ब्रिटिस सेना (२ आर.जि.आर.) मा कार्यरत यूवराज राई, आफ्नो कर्तव्य पालन गर्ने सिलसिलामा गत नोभेम्बर ४ का दिन मुसाक्वला, अफ्गानिस्तानमा दुष्मनको गोली लागेर र लमजुङ्ग जिल्ला भोर्लेटारमा जन्मनु भएका कृष्ण दुरा, सोही ठाउँमा नोभेम्बर १५ का दिन दुष्मनले थापेको बिद्युतीय धरापमा परेर बीरगति प्राप्त गरेको दुखित समाचारले हामी सम्पूर्ण प्रवासी नेपाली साहित्य समाज (प्रभात) परिवार स्तब्ध भएका छौ। यो कठिन समयमा स्व. युवराज राई र स्व. कृष्ण दुराको दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस भन्ने प्रार्थना गर्दछौ।

**प्रवासी नेपाली साहित्य समाज (प्रभात)**

www.pravasi.com.np, pravasi.com.np@gmail.com



दु:खले कमाएको पैसा दुक्कसंग पठाउनुहोस्।

Tel: 0207 7002134
Mob: 07984713677

IME International Money Express

Please contact:
Kamal Paudel/Muna Paudel
IME Ltd
Pentax House, South Harrow
Middlesex, HA2 0DU